नेपाल सरकार
युवा,श्रमतथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पि.एस.कोरिया शाखा**
ग्वार्को, ललितपुर ।

मिति २०८३/०४/१४

अत्यन्त जरुरी सूचना

विषयः अनलाइन दरखास्त पेश गर्ने म्याद थप तथा राहदानी सम्बन्धमा ।

दक्षिण कोरियाको रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत सञ्चालन हुने परीक्षाका लागि यस कार्यालयबाट सञ्चालित अनलाइन दरखास्त प्रणाली राहदानी विभागको प्रणालीसँग प्रत्यक्ष अन्तरआवद्ध रहेको व्यहोरा सर्वविदितै छ।

हाल EPS दरखास्त प्रक्रिया खुला भएसँगै नयाँ राहदानी बनाउन तथा म्याद सकिएका राहदानी नवीकरण गर्न इच्छुक आवेदकहरूको उल्लेख्य उपस्थिति र चापका कारण राहदानी विभाग तथा राहदानी सेवा केन्द्रहरूमा अत्यधिक चाप पर्न गएको छ। अर्कोतर्फ, राहदानी विभाग हाल प्रणाली स्थरीकरणको प्रक्रियामा रहेकोले अत्यावश्यक परेको खण्डमा मात्र राहदानी आवेदन दिन सो विभागबाट सूचना समेत प्रकाशित भइसकेको छ।

तसर्थ, राहदानी विभागमा परेको अत्यधिक चापलाई न्यूनीकरण गर्न र योग्य तथा इच्छुक कुनै पनि नागरिक दरखास्त फाराम भर्नबाट नछुटून् भन्ने उद्देश्यका साथ **HRD Service of Korea, EPS Center Nepal** र **वैदेशिक रोजगार विभाग, EPS कोरिया शाखा** को संयुक्त निर्णय बमोजिम अनलाइन दरखास्त पेश गर्ने अन्तिम म्याद मिति २०८३ साल साउन २० गते **(August 5, 2026)** सम्म विस्तार गरिएको व्यहोरा जानकारी गराइन्छ।

साथै, राहदानी विभागको चाप व्यवस्थापन र आवेदकहरूको सहजताका लागि यसअघि जारी सूचना बमोजिम निम्न व्यवस्था यथावत् कायम रहेको छः

- हाल राहदानीको म्याद समाप्त भइसकेका आवेदकहरूले पनि दरखास्त प्रणालीमा सोही म्याद सकिएको राहदानीको विवरण प्रविष्टि गरी आवेदन दिन सक्नेछन्।
- भाषा तथा सीप परीक्षा उत्तीर्ण भई रोजगार आवेदन फाराम (Job Application Form) भर्ने समयसम्ममा बहाल रहेको (म्याद बाँकी भएको) राहदानी पेश गरे हुने व्यवस्था मिलाइएको छ।

अतः दरखास्त फाराम भर्ने प्रयोजनकै लागि मात्र अहिल्यै राहदानी नवीकरण गर्न हतार नगर्नुहुन र अति आवश्यक परेको खण्डमा मात्र राहदानी नविकरणको आवेदन दिनुहुन सम्पूर्ण आवेदक महानुभावहरूमा हार्दिक अनुरोध गरिन्छ।

अनुप ढकाल
निर्देशक

Website :www.epsnepal.gov.np Telephone No:- 01-5186349, 01-5186350
e-mail : eps.nepalgov@gmail.com